March 2016

# TODAY

EURASIA REIYUKAI

Year : 4, Vol. 33

www.eurasiareiyukai.com



Smile of the Month

## महागुरू किमी कोतानीज्यू प्रतिको प्रतिज्ञा समारोह सम्पन्न




यूराशिया रेयूकाईको आयोजनामा महागुरू किमी कोतानीज्यू प्रतिको प्रतिज्ञा समारोह सन् २०१६ फेब्रुअरी ९ तारीखको दिन यूराशिया रेयूकाई १५औं शाखा मुख्यहल कौशलटारमा आयोजित मुख्य समारोहमा यूराशिया रेयूकाई मिहाता, केन्जीचुकी मिहाता एवं सम्पूर्ण मिहाता शाखाका मिहाता बिराजमान् गरी भव्य रूपमा सम्पन्न भयो । उक्त समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूबाट मार्गनिर्देशन् प्रदान गर्नु भएको थियो भने सम्पूर्ण मिहाता शाखा एवं समाज बिकास केन्द्रहरू र देश अनुसारका कार्यालयहरूमा महागुरूज्यू प्रतिको प्रतिज्ञा समारोह सम्पन्न भयो ।







## हाम्रा गुरू आन् -यू ग्यो तोकु जेन् शीज्यूको पुण्यतिथि स्मरण समारोह सम्पन्न

सन् २०१६ फेब्रुअरी २४ तारिखका दिन सम्पूर्ण मिहाता शाखा, समाज बिकास केन्द्र र देश अनुसारका कार्यालयहरूमा हाम्रा गुरू आन् -यू ग्यो तोकु जेन् शीज्यूको १२औं पुण्यतिथि स्मरण समारोह सम्पन्न भयो ।






## मुमा एईको मासुनागाज्यूको पुण्यतिथि स्मरण समारोह



हाम्री मुमा एईको मासुनागाज्यूको १७औं पुण्यतिथि स्मरण समारोह सन् २०१६ मार्च २५ तारिखका दिन सम्पूर्ण मिहाता शाखा, समाज बिकास केन्द्रहरूमा आयोजना हुने भएकाले आफुलाई पाएक पर्ने स्थानमा आफ्ना सदस्यहरू सँगसँगै सहभागी बनौं ।

## यूराशिया रेयूकाई १५औं शाखा र यूराशिया रेयूकाई २२औं शाखाको भब्य भेला सम्पन्न

यूराशिया रेयूकाई १५औं शाखाको भब्य भेला २० फेब्रुअरी २०१६ का दिन मुख्यहल कौशलटारमा सम्पन्न भयो । उक्त समारोहमा यूराशिया रेयूकाई कार्यवाहक अध्यक्ष एवं शिक्षा बिकास सिक्कोबु जिम्मेवारकर्ता श्री लाल कुमार श्रेष्ठज्यू र मिहाता जिम्मेवार शिबुचो श्री प्रबिण कुमार गुरूङज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । त्यसैगरी यूराशिया रेयूकाई २२औं शाखाको भब्य भेला २७ फेब्रुअरी २०१६ का दिन मुख्यहल बर्द्घघाटमा सम्पन्न भयो । उक्त समारोहमा यूराशिया रेयूकाई कार्यवाहक अध्यक्ष एवं शिक्षा बिकास सिक्कोबु जिम्मेवारकर्ता श्री लाल कुमार श्रेष्ठज्यू र मिहाता जिम्मेवार शिबुचो श्री भिम बहादुर गुरूङज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो ।



यूराशिया रेयूकाई १५औं शाखा



यूराशिया रेयूकाई २२औं शाखा



## प्राकृतिक वातावरण संरक्षण तालिम

जलवायु परिवर्तनले ल्याएको विकराल समस्यालाई कसरी न्यूनिकरण गर्दै लान सकिन्छ भन्ने उद्देश्यले यूराशिया रेयूकाई प्राकृतिक वातावरण संरक्षण समिति सानेपाको आयोजनामा सन् २०१६ फेब्रुअरी १० र ११ तारीख दुई दिने प्राकृतिक वातावरण संरक्षण तालिम सम्पन्न भयो । तालिमको उद्‌घाटन यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पतीज्यूबाट गर्नु भएको थियो । बिश्वमा जलवायु परिवर्तनको भयावह स्थिति देखिएको छ, यो पृथ्वीलाई बचाई वातवरण संरक्षण गर्न भावना परीवर्तन गरी कार्यान्वयन नगरेसम्म संरक्षण गर्न सकिदैन भनि संस्थापक अध्यक्षज्यूले मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । यूराशिया रेयूकाई भारत र नेपालका विभिन्न क्षेत्रबाट ६२ जनाको सहभागिता रहेको उक्त तालिममा वायु प्रदुषण, ध्वनि प्रदुषणको कारण, असर र समाधानका उपाय, फोहोरमैला व्यवस्थापन तथा वर्गीकरण, वनजंगल विनाशबाट वातावरणमा पर्ने असर र समाधानका उपाय साथै भूकम्प सम्बन्धी विज्ञहरूबाट तालिम प्रदान गर्नु भएको थियो ।








## महिला हिंसा विरुद्धको अन्तरकृया कार्यक्रम

यूराशिया रेयूकाई समाज बिकास केन्द्र सानेपाले एकदिने महिला हिंसा विरुद्धको अन्तरकृया कार्यक्रम २० फेब्रुअरी २०१६ का दिन सानेपामा सम्पन्न भयो । यूराशिया रेयूकाईका विभिन्न शाखाबाट १८० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा नेपाल सरकारका उपसचिव महेश्वरी विष्टले लैंगीक हिंसा तथा निराकरणका बारेमा प्रशिक्षण दिनु भएको थियो तालिमको समापन समारोहमा प्रमुख अतिथि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री माननीय कुन्ती कुमारी शाहीज्यूले सहभागीहरूलाई प्रमाण-पत्र वितरण गर्दै यूराशिया रेयूकाई सामाजिक संस्थाको आफु स्कुल जीवन देखिनै सदस्य भएको, यो संस्थाले ब्यबहारीक शिक्षा सिकाउँदै आईरहेको छ र यो तालिमबाट सहभागीहरूले सिकेको कुरा आफ्नो घरपरिवार र समाजमा लागू गरेमा राम्रो समाज बनाउन सकिन्छ, साथै महिला हिंसा बिरुद्ध स्वयं हामी नै अगाडि बढेर कार्यान्वयन नगरे सम्म अन्त्य नहुने भन्दै यूराशिया रेयूकाईले यस्तो तालिम आयोजना गरेर समाजलाई परिवर्तन गर्न खोजेको कुरा प्रशंसनीय रहेको उल्लेख गर्नुभयो ।






## नागरीक सरसफाई अभियान

यूराशिया रेयूकाईले प्रत्येक आईतबार भारत देश र प्रत्येक शनिबार नेपाल देशमा विभिन्न क्षेत्रहरूमा नागरीक सरसफाई अभियान अन्तर्गत निरन्तर रूपमा नागरीकहरूसँग मिली सरसफाई कार्य गर्ने मौका पाउँदै आईरहेका छौं । यसै क्रममा सन् २०१६ फ्रेब्रुअरी २७ तारीखका दिन यूराशिया रेयूकाईको नेतृत्वमा नेपाल सरकार खानेपानी तथा सरसफाई मन्त्री माननीय प्रेम बहादुर सिंहज्यूको प्रमुख आतिथ्यमा धोबिघाटदेखि सानेपा हाईटसम्म सरसफाई कार्य गर्ने मौका पायौं । उक्त कार्यक्रमा यूराशिया रेयूकाईले सामाजिक कार्यहरूमा अग्रसर भई निरन्तर काम गरिरहेको कुराप्रति प्रभावित छु भन्दै आगामी दिनहरूमा अझ योजनाबद्ध रूपमा सरसफाई अभियानलाई हामी सबै मिली कार्यान्वयन गरौं भनि मन्तव्य राख्नु भएको थियो ।





सिलिगुडी, भारत





सानेपा, नेपाल